जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक २११ | २०७८ साल चैत १० गते बिहीबार (24 Mar. 2022 Thursday) | मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

महिला अधिकारलाई नारामा मात्र होइन, व्यवहारमा परिणत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : मुक्ति संघर्षको गाथा.. ३ पृष्ठमा : कहाँ हराए क्षयरोगका ४० ... ३ पृष्ठमा :अफगानिस्तानलाई सहयोग गर्न...

## एमाले नेतृ झा र आदिवासी जनजातिका अध्यक्ष प्रधान जसपामा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

नेकपा एमालेकी महिला नेतृ रन्जु झा र आदिवासी जनजाती महासंघ सप्तरीका अध्यक्ष अरुण कुमार प्रधान जसपामा प्रवेश गरेका छन् ।

एमालेबाट संविधान सभा सदस्य समेत बनेकी झा र नेपाली काँग्रेस सप्तरीका क्षेत्रिय प्रतिनिधी रहेका प्रधानसहित एक सय १२ जना बिभिन्न पार्टी परित्याग गरी जसपामा प्रवेश गरेका हुन् ।


उद्योग बाणिज्य संघ सप्तरीका निवर्तमान अध्यक्ष समेत रहेका प्रधान केही दिन अघि मात्र आदिवासी जनजाती महासंघ सप्तरीका अध्यक्ष चयन भएका हुन् ।

बुधवार राजविराज स्थित जिल्ला समन्वय समितीको सभाकक्षमा जसपा सप्तरीद्वारा आयोजित पार्टी प्रवेश कार्यक्रममा पार्टी अध्यक्ष उपेन्द्र यादव एवं संघीय सरकारका भौतिक पुर्वाधार तथा यातायात मन्त्री रेणु कुमारी यादवले उनीहरुलाई अबिर माला लगाएर पार्टीमा स्वागत गरे ।

जसपा अध्यक्ष यादवले प्रवेश गर्नेको हिमाल, पडाड र तराईमा लहर नै चलेको दाबी गर्दै अलमलमा रहेकाहरुलाई पनि पार्टीमा आउन आह्वान गरे । उनले नव प्रवेशीहरुलाई कुनै भेदभाव नगरिने र योग्यता तथा क्षमताको आधारमा उचित जिम्मेवारी दिईने प्रतिबद्धता समेत जनाए ।

जिल्ला अध्यक्ष केदार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा संघिय सरकारका भौतिक पुर्वाधार तथा यातायात मन्त्री रेणु कुमारी यादव, मधेश प्रदेशका समाजिक बिकास मन्त्री

***बाँकी अन्तिम पृष्ठमा***



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सप्तरीमा एकै दिन दुई सडक खण्डको शिलान्यास



**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

सप्तरीमा एकै दिन दुई सडक खण्डको शिलान्यास गरिएको छ । जिल्लाको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता-राजविराज दुई लेन तथा रुपनी-राजविराज चार लेन सडकखण्डको बुधबार शिलान्यास गरिएको हो ।

दुबै सडक खण्डको बुधबार जनता समाजवादी पार्टी नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव तथा संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु यादवले संयुक्त रुपमा शिलान्यास गरेका हुन् ।

सडक खण्डको शिलान्यास गर्दै पूर्व उपप्रधानमन्त्री समेत रहेका जसपा अध्यक्ष यादवले राजामहाराजाको शासनकालमा तराई मधेशको उपेक्षा गरि उत्तरतिरबाट पूर्वपश्चिम राजमार्ग निर्माण गरिदा तराई मधेशको विकास हुन नसकेको उनले जिकिर गर्दै शिक्षापछि देशको उन्नतीमा यातायात क्षेत्रकै भूमिका महत्वपूर्ण रहने बताए ।

तराई मधेशको बीच भागबाट सडक निर्माण गर्दा बढी जनता लाभान्वित हुने र वन जंगलको पनि सुरक्षा हुने कुरालाई वास्ता नगरि बनाइएको पूर्वपश्चिम राजमार्गबाट उल्टै वन जंगलको विनास भएको उनको आरोप छ ।

सोही कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादवले दुई/तिन महिनाको प्रयासपछि ४० करोड रुँपैया थप बजेट व्यवस्था गरेर रुपनी-राजविराज सडकलाई फोर लेनमा र राजविराज-छिन्नमस्ता सडकलाई दुई लेनमा बिस्तार गर्ने काम सुनिश्चित भएको बताइन् ।

उनले भारतको सीमावर्ती क्षेत्र न्योरबाट सप्तरीको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवती मन्दिर हुँदै सदरमुकाम राजविराजसम्म जोड्ने दुई लेन सडकको लागि आवश्यक बजेट व्यवस्था गरेर यसै आर्थिक वर्षबाट काम सुरु गरिने जानकारी पनि दिइन् ।

भौतिक पूर्वधार तथा यातायात मन्त्रालयका सचिव रबिन्द्रनाथ श्रेष्ठको अध्यक्षतामा आयोजित शिलान्यास समारोहलाई मधेश प्रदेशका अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह, जसपाका कार्यकारिणी सदस्य एवं राष्ट्रियसभा सदस्य मृगेन्द्रकुमार सिंह यादव, प्रदेशसभा सदस्य मनिष सुमन, पण्डि रामकुमार शास्त्रीलगायतले उक्त आयोजनाबाट सप्तरी मात्र नभई मुलुककै समृद्धिमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

## क्रिकेटको अनलाईन सप्तरीले प्रत्यक्ष प्रसारण गर्ने

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

सप्तरी प्रिमियर लिग क्रिकेट प्रतियोगिताका सबै खेल अनलाईन सप्तरीले प्रत्यक्ष प्रसारण गर्ने भएको छ ।

बुधबार राजविराजमा आयोजित एक कार्यक्रमका बीच मिडिया उइथ टेक्नोलोजी प्रा.लि. प्रमुख सौरभ यादव र आयोजक सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठले सम्झौता पत्रमा हस्ताक्षर गरे ।

सप्तरी क्रिकेट संघको आयोजनामा हुन लागेको सप्तरी प्रिमियर लिग बिहीबारदेखि सुरु हुनेछ ।



सप्तरीको राज रंगसालामा हुने उद्घाटन खेलमा बजाज खडक वारियर्स र राजविराज ब्रदर्स बीच प्रतिस्पर्धा हुनेछ ।

## सम्पादकीय ....

# पार्टी प्रवेश र परित्याग गर्ने होडबाजी

स्थानिय तहको निर्वाचन नजिकिदै जाँदा अहिले विभिन्न पार्टी परित्याग र प्रवेश गर्ने लहर चलेको छ। मुलुकभरि यो लहर सबै राजनीतिक दलहरुमा चलेको छ। अहिले यो लहर प्रमुख दुई पार्टी नेकपा एमाले र जसपा सबैभन्दा बढी चलेको छ। मधेश प्रदेशमा पार्टी प्रवेश र परित्याग गर्ने सबैभन्दा बढी होडबाजी नै चलेको छ। बिरगंजमा मेयर बिजय सरावगि जसपा परित्याग गरि एमालेमा प्रवेश गरेसँगै अर्का प्रभावकारी नेता राजेशमान सिंह जसपामा प्रवेश गरे। त्यस्तै सप्तरीमा एमाले नेतृ रन्जु ठाकुर, कांग्रेसका क्षेत्रिय प्रतिनिधि एवं उद्योगि अरुण प्रधान लगायत सयौं नेता कार्यकर्ता जसपामा प्रवेश गरेका छन्। यस्तै नेपाली सिनेकर्मी करिश्मा मानन्धर एमालेमा प्रवेश गरिन्।

यसरी निर्वाचनको समय नजिकिदै जाँदा विभिन्न व्यक्तिहरु आफु अनुकुल पार्टी छान्ने दाउमा रहेका छन्। आफूलाई अनुकुल पार्टीमा प्रवेश गर्ने होडबाजी नै चलेको छ। यो अहिलेको परिपाटी मात्र नभएर विगत देखी नै यो परिपाटी चलिआएको छ। जहिले कुनै निर्वाचनको मिति तय हुन्छ सो बेला पार्टीप्रति असन्तुष्टि देखाउँदै पार्टी परित्याग गरेको देख्न पाइन्छ। यसमा विभिन्न पार्टी प्रभावकारी व्यक्तिलाई आफ्नो पार्टीमा ल्याउन हानथाप गर्ने गर्छ।

पार्टीमा प्रवेश र परित्याग गर्ने परिपार्टी खराब भने होइन्। तर, पार्टीले पनि आफ्नो अनुकुल व्यक्तिलाई प्रवेश गराउदा त्यसको प्रभाव जनतामा कतिको छ भन्ने कुराको विश्लेषण गर्नु पनि उत्तिकै जरुरी छ। तसर्थ पुराना पार्टी छोडेर नयाँ पार्टीमा प्रवेश गर्ने सबैलाई नयाँ अध्यायका लागि इमान्दारीपूर्वक लाग्नु जरुरी छ। अनि मात्र त्यसप्रति पार्टीले पनि मुल्याङ्कन गर्नेमा दुई मत नहोला।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# मुक्ति संघर्षको गाथा दीनाभद्रीको लोकगाथा लोप हुँदै

**राजु विश्वकर्मा**

जनकपुर, ९ चैत (रासस)।

संरक्षणको आभावमा मिथिला क्षेत्रको विभूति दीनाभद्रीको लोकगाथा लोप हुन थालेको छ। सरकारी उदासिनता र उपेक्षाको कारण मिथिला क्षेत्रको धरोहर दिनाभद्रीको लोकगाथा लोप हुन लागेको भन्दै मैथिलीकर्मीले चिन्ता व्यक्त गर्न थालेका छन्।

मिथिला क्षेत्रमा दीनाभद्री (मुसहर) दाजुभाइको लोकगाथा जनजनमा अति चर्चित रहेपनि आवश्यक संरक्षणको आभावमा इतिहास मर्न लागेको उहाँहरूको गुनासो छ। शोसक सामन्तविरुद्ध कठोर सङ्घर्ष गरेका मुसहर समुदायका दाजुभाइ दीनाभद्रीको लोकगाथा गायन लोप हुन थालेको भन्दै मैथिलीकर्मीहरूले यसको संरक्षणमा राज्यले ध्यान दिनुपर्ने बताउनुभयो।

दिनाभद्रीको जन्म, मृत्यु संस्कार एवं विभिन्न घटनासँग सम्बन्धितस्थलको विषयमा आवश्यक अध्ययन, अनुसन्धान एवं अभिलेखीकरण हुन नसक्दा पहिचान नै लोप हुने अवस्थामा पुगेको मैथिलीकर्मी श्यामसुन्दर यादवले बताउनुभयो। सप्तरी जिल्लाको जोगिया जाँजर गाउँका कालु सदा र आमा नीरसोको कोखबाट जन्मिएका दुई दाजुभाई दीना र भद्री अन्याय, अत्याचार र शोषण दमनविरुद्ध सङ्घर्ष गरेकै कारण मिथिला क्षेत्रका हरेक समुदायका बीच लोक देवताको रूपमा पूजित छन्। नेपालको सप्तरी, सिरहा, सुनसरी, मोरङग, झापासहित जिल्लाका विभिन्न गाउँमा मुसहर जातिको बसोबास रहेका छन्।

दीनाभद्रीसँग सम्बन्धित स्थलको केही वर्षअघि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान काठमाडौँले छायाङ्कन गरेर केही पाठ्यसामग्री प्रकाशन गरेपनि त्यसयता संरक्षणका लागि कुनै ठोस कार्य हुन नसकेको यादवको भनाइ छ। दिनाभद्रीको जन्मस्थान सप्तरीको बोदे बसाइन नगरपालिकाको जोगियाँ जाँजरमा उहाँहरू कुस्ती भिडेको स्थान (अखडा) अझै रहेका छन् भन्ने उहाँहरू मारिएको स्थान कटैयामा दिनाभद्रीको मन्दिर बनाएर पूजाआजा गर्दै आएका छन्। “दीनाभद्रीसँग सम्बन्धित लोकगाथा (महराइ) को छायाङ्कन भइसकेको छ”, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान काठमाडौँका पूर्वसदस्य रमेश रञ्जनले भन्नुभयो, “आफूहरू प्रतिष्ठानमा हुदाँ दिनाभद्रीको लोकगाथा गायक सातैन रामको गायनको पनि छायाङ्कन भइसकेको र त्यही आधारमा पुस्तक पनि प्रकाशन गरेका छौं।” प्रकाशन भएको पाठ्यसामग्री लुम्बिनी संस्कृति विश्वविद्यालयमा अध्ययन अध्यापन भइरहेको उहाँको भनाइ छ।

प्रतिष्ठानले ‘मिथिला लोक विभूति दीनाभद्री गाथाको सन्दर्भमा मिथिला क्षेत्रका विद्वान्को बिचमा अन्तरक्रिया चलाएको थियो। “तर पछिल्लो केही समययता न त दीनाभद्रीको गाथाको बारेमा चर्चा हुन सकेको छ न त राज्यको तर्फबाट संरक्षणको कुनै पहल नै हुन सकेको छ”, प्रतिष्ठानका पूर्वसदस्य रञ्जनले भन्नुभयो, ‘‘जसका कारण दीनाभद्रीको लोकगाथा लोप हुन सक्ने सम्भावना छ।” भावी पुस्तामा दीनाभद्री लोकगाथाबारे अनभिज्ञ हुन सक्ने उहाँको चिन्ता छ। बाल्यकालदेखि नै दुवै दाजु-भाइ बीर एवम् साहसी थिए। कुस्ती खेल्नमा सिपालु रहनुका साथै सामाजिक न्यायका सच्चा पहरेदारको रूपमा प्रस्तुत भएका कारण उहाँहरूको बीरताको चर्चा त्यतिबेला जनजनमा चलेको इतिहासविद् डा पिताम्बरलाल यादवले बताउनुभयो। उहाँले भन्नुभयो, “लोकगाथामा उल्लेख भएअनुसार दाजु दीना र भाइ भद्रीले पाँच मनको कोदालो चलाउने गर्दथे, दुवै दाजु भाइ सामन्ती प्रथाका कट्टर विरोधी थिए।”

गिरहत (मालिक)को ‘जी हजुरी’ नगरी स्वतन्त्र रूपमा मजदुरी गर्नका लागि मुसहर समुदायलाई प्रेरित गर्ने काम गर्ने गरेको पाइएको उहाँको भनाइ छ। मजदुरमाथि दमन शोषण गर्ने वा काम गराएर ज्याला नदिनेविरुद्ध जाइ लाग्ने गरेका कारण उत्पीडित समुदाय जागरुक हुँदै अन्याय, अत्याचारविरुद्ध जुटेको इतिहासविद् डा यादवको भाइ छ। दीना र भद्रीको विवाह सप्तरीको बरहा गाउँका फुकन सदाकी छोरी हंसा र संझासँग भएको थियो। दाजुभाइ मारिएको ठाउँलाई मरौटी, मारिएपछि उठाएर राखिएको ठाउँलाई रखौटी र हिन्दू परम्पराअनुसार दाहसंस्कार गरिएको ठाउँलाई जरौटी भन्ने गरिन्छ। कहीं कतै अन्याय अत्याचार भएपछि अहिले पनि दीनाभद्री दाजुभाइलाई सम्झिने गरिन्छ।

दीनाभद्रीको जन्मको विषयमा कतै ठोस किटान भएको पाईदैन। यद्यपि उहाँहरू राजा सलहेशका समकालीन हुन् भन्ने अनुमान गरिन्छ। विभिन्न ऐतिहासिक तथ्य एवं लोकगाथामा उल्लेख भएका विषयवस्तु, घटना, परिवेश तथा उल्लेखित गतिविधिका आधारमा दुवै दाजुभाइ मध्यकालीन भएको सहज रूपमा अनुमान गर्न सकिन्छ। शोषण, दमन, अन्याय अत्याचारविरुद्ध चालेका साहसिक कदम तथा क्रियालापका कारण आज पनि दीना-भद्री मधेसमा देवताको रूपमा पूजित छन्। सप्तरी, सिरहालगायत मधेसका जिल्लामा देवीदेवताको पूजा गर्ने बेलामा दीना-भद्रीको पूजाको अनिवार्य हुने गरेको दलित अगुवा गङ्गा सदाले बताउनुभयो।

दीनाभद्रीको मृत्युको विषयमा दुई मत रहेको पाइन्छ। पहिलो मतानुसार बुधनी धमियाइनले उहाँहरूलाई जादु टोनागरी सप्तरीको कटैया जङ्गलमा मार्न लगाइन्। त्यसपछि दीनाभद्रीका आमा निरसोले बघेश्वरी भगवतीलाई पूजा गरी खुसी पारेर धमियाइनलाई पनि मार्न लगाइएको बताइएको छ। मुसहर समुदाय अहिले पनि गीत गाउँदा उक्त घटना सम्झिने गरेको सदाको कथन छ। दीनाभद्री आफ्नो मामा बहोरनलाई साथमा लिएर सिकार खेल्नका लागि कटैया जङ्गलतिर गएको र बनभित्र पुगेपछि एउटा पोटरा (खास प्रकारको बँदेल) अगाडि आएको देखेपछि भदरीले धनुवाण चलाएर त्यसलाई त्यही मारी दिए तर राजा सलहेसले पुन: जीवन दिएको र त्यही जीवित बँदेलले दीना-भदरीलाई घाइते पारी मारी दिएको अर्को मत छ। जोगिया जाँजरदेखि पूर्वतिरको गाउँ नेंगरा बैरियाका जीवन सदाले दुबै मृतकको क्रियाकर्म गरेको लोकगाथामा उल्लेख छ।

शोषण, दमन र अत्याचारविरुद्ध कठोर सङ्घर्ष गरेका दीना-भद्री स्थलको संरक्षण सम्वर्द्धन गरिए अध्ययन-अनुसन्धानको थलो बन्न सक्ने निश्चित छ। तर यसप्रति सरकारको हालसम्म ध्यानाकर्षण हुन नसकेको स्थानीयवासीको गुनासो छ। दीनाभद्रीको कठोर सङ्घर्षको सम्मान गर्दै राज्यले राष्ट्रिय विभूती घोषणा गर्नुका साथै हुलाक टिकट प्रकाशनमा ल्याउनुका साथै दीनाभद्री क्षेत्रको संरक्षण सम्वर्द्धन गरी पर्यटकीय तथा अध्ययनअनुसन्धान केन्द्रको रूपमा विकास गर्नु आवश्यक रहेको यहाँका बुद्धिजीवीहरू बताउँछन्।


## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक। आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु।
- बौवा बुच्चीके आइग सँ दूर राखु।
- हवा बसात के समय मे आइग नै पजारु। सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु।
- कहीँ कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ।

**अनुरोधकर्ता**

**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# कहाँ हराए क्षयरोगका ४० हजार बिरामी ?

**शरद् शर्मा**

काठमाडौँ, ९ चैत (रासस)।

नेपालमा अझै पनि ४० हजारभन्दा बढी क्षयरोगका बिरामी उपचारबाट वञ्चित छन्। हरेक वर्ष क्षयरोगका ६९ हजार नयाँ बिरामी पत्ता लाग्ने गरेकामा आर्थिक वर्ष २०७७/७८ मा २८ हजार ६७७ जनाले मात्र उपचार गराएको थियो। बाँकी बिरामी उपचारको पहुँचबाट बाहिर रहेको जनाइएको छ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशक डा सञ्जयकुमार ठाकुरका अनुसार नेपालमा वार्षिक नयाँ र पुरानो गरी एक लाख १७ हजार क्षयरोगका बिरामी हुन्छन्। तीमध्ये २८ हजार ६७७ जनाले मात्र रोग पत्ता लागि उपचार गराएका छन्। यसका आधारमा अझै पनि ७५.४८ प्रतिशत क्षयरोगका बिरामी उपचार सम्पर्कबाट बाहिर छन्। उपचार गराउन आएकामध्ये ९१ प्रतिशत बिरामी निको भएर जाने गरेको उहाँले बताउनुभयो। तीमध्ये ६७ प्रतिशत पुरुष, ३३ प्रतिशत महिला र सात प्रतिशत बालबालिका रहेका छन्। "जनचेतनाको अभाव र उपचार गरे रोग निको हुन्छ भन्ने थाहा नपाएर अझै धेरै बिरामी सम्पर्कमा नै आएका छैनन्", उहाँले भन्नुभयो, "ती बिरामीलाई सम्पर्कमा ल्याएर उपचार गर्नु चुनौती रहेको छ।"

सरकारले औषधि निःशुल्क रूपमा उपलब्ध गराउँदै आएको छ। क्षयरोग नियमित उपचारले निको हुने गर्दछ। औषधि प्रतिरोधी क्षयरोगका बिरामी वार्षिक दुई हजार २०० रहेका छन्। यो सङ्ख्या जनसङ्ख्याको हिसाबले नेपालमा अत्यन्त धेरै हो। विश्व स्वास्थ्य सङ्गठनले नेपाललाई सन् २०२१ देखि औषधि प्रतिरोधी क्षयरोगको उच्च प्रकोप भएको ३० देशको सूचीमा राखेको छ। आव २०७७/७८ मा राष्ट्रिय क्षयरोग कार्यक्रममा ५६९ जनाको औषधि प्रतिरोधी क्षयरोग पहिचान गरिएको थियो। तीमध्ये ४१८ जना उपचारमा गराइरहेका छन्। केन्द्रका निर्देशक डा ठाकुरले औषधि प्रतिरोधी क्षयरोगका बिरामी र रोग पत्ता लागी उपचारमा आएका बिरामीको सङ्ख्या हेर्दा एक हजार ६३१ जना बिरामीको रोग पत्ता लगाई उपचारमा ल्याउन चुनौती रहेको बताउनुभयो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले क्षयरोगको अन्त्यका लागि मन्त्रालयले पञ्चवर्षीय रणनीतिक योजना २०७८/७९ देखि २०८२/८३ कार्यान्वयनमा ल्याएको जानकारी दिनुभयो। उहाँका अनुसार यस रणनीतिअनुसार स्वास्थ्य सेवा प्रणालीलाई सुदृढीकरण गरी स्वास्थ्यमा सर्वव्यापी पहुँचका लागि गुणस्तरीय क्षयरोग सेवाको सुधार, राष्ट्रिय क्षयरोग प्रेषण प्रयोगशालाको सुदृढीकरण, प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको गुणस्तर सुनिश्चितामा संलग्न गरिनेछ। यस्तै देशका विभिन्न चार स्थानमा क्षयरोग प्रेषण प्रयोगशालाको स्थापना गर्ने, समुदाय र परिवारमा आधारित डट्स सेवाको विस्तार तथा लागू गर्ने, केन्द्रीय स्तरमा निर्माण सम्पन्न भएको छाती रोग अस्पतालको सञ्चालन गरी सातवटै प्रदेशमा क्षयरोग उपचार तथा प्रेषण व्यवस्थापन केन्द्रको विस्तार गर्ने रणनीतिमा उल्लेख गरिएको छ।

सचिव डा पोखरेलले क्षयरोग नियन्त्रणमा लगानी बढाउनुपर्नेमा जोड दिनुभयो। उहाँले अहिले पनि क्षयरोगका बिरामी पत्ता लगाउन कठिन भएको उल्लेख गर्दै निजी सङ्घसंस्थाको पहलमा सहकार्य गरेर क्षयरोगका बिरामी पत्ता लगाई उपचार गर्नुपर्ने बताउनुभयो। विश्व स्वास्थ्य सङ्गठनका नेपालका प्रमुख डा राजेश पाण्डवले क्षयरोग केन्द्रित सेवालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी उपचार गर्नुपर्ने बताउनुभयो। उहाँले स्थानीय तहलाई नेपाल क्षयरोग मुक्त घोषणा अभियानमा सहभागिता गराई नेपाललाई चाँडै नै क्षयरोग मुक्त घोषणा गर्नुपर्नेमा जोड दिनुभयो।

सरकारले प्रत्येक स्थानीय तहलाई क्षयरोगमुक्त गर्दै क्षयरोग निवारणका लक्ष्य हासिल गर्नका लागि यसै आवदेखि २५ वटा स्थानीय तहमा कार्यक्रम सञ्चालन गरेको छ। स्थानीय तह क्षयरोग मुक्त अभियान आगामी चार वर्षभित्र सबै स्थानीय तहमा सञ्चालन गरिने केन्द्रका निर्देशक डा ठाकुरले जानकारी दिनुभयो। आव २०७७/७८ मा राष्ट्रिय क्षयरोग कार्यक्रमअन्तर्गत ८९६ माइक्रोस्कोपिक केन्द्र, ८४ जिनएक्सपर्ट केन्द्र तथा उपचार सेवाअन्तर्गत पाँच हजार ५०३ डट्स केन्द्र, २२ डिआर उपचार केन्द्र, ८१ डिआर उपचार उपकेन्द्र, ६ डिआर होस्टेल र एक डिआर होममार्फत सेवा प्रदान गरिएको छ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले स्थानीय तहबाट नै क्षयरोग मुक्त अभियान सञ्चालन गरिएको बताउनुभयो। भोलि नेपालसहित विश्वभरि नै 'क्षयरोग अन्त्यका लागि लगानी बढाऔँ, जीवन बचाऔँ' भन्ने मूल नाराका साथ विश्व क्षयरोग दिवस मनाइँदैछ। प्रमुख जनस्वास्थ्य समस्याका रूपमा रहँदै आएको क्षयरोग सरुवा रोग भएका कारण हराइरहेका बिरामी पत्ता लगाउन निकै चुनौतीपूर्ण रहेको उहाँले बताउनुभयो। क्षयरोग माइक्रोब्याटेरियम ट्युबरक्लोसिस नामक ब्याक्टेरियाका कारण हुन्छ। यो रोग खोक्दा वा हाछ्युँ गर्दा बिरामीबाट हावामा गई हावालाई दुषित बनाउँछ र उक्त हावा स्वास्थ्य मानिसले लिँदा रोग सर्न सक्छ। "लगातार खोकी लाग्ने, साँझपख हल्का ज्वरो

***बाँकी अन्तिम पृष्ठमा***


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU
NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

### अफगानिस्तानलाई सहयोग गर्न पाकिस्तानका प्रधानमान्त्रीको आग्रह

इस्लामावाद, ९ चैत (रासस/सिन्ह्वा)।

पाकिस्तानका प्रधानमन्त्री इमरान खानले अफगानिस्तानलाई सहयोग गर्न आग्रह गर्नुभएको छ। उहाँले विश्वका इस्लामिक देशहरुलाई यस्तो आग्रह गर्नुभएको हो। प्रधानमन्त्री खानले विश्वका इस्लामिक देशलाई हाल अफगानिस्तानले सामना गरिरहेका समस्याका बारेमा अध्ययन गर्न आग्रह गर्नुभएको हो।

उहाँले हाल अफगानिस्तानले निकै अप्ठेरो परिस्थितिको सामना गरिरहेकाले यस्तो अवस्थामा विश्वका सबै इस्लामिक देशले सहयोग गर्नुपर्ने आवश्यकता रहेको धारणा राख्नुभएको हो।

'अर्गनाइजेसन अफ इस्लामिक कोअपरेसन' आइसीको विदेश मन्त्रीहरुको ४८औं सम्मेलनलाई सम्बोधन गर्दै उहाँले सो धारणा राख्नुभएको हो।

पाकिस्तानको विदेश मन्त्रालयले दिएको जानकारीअनुसार यस सम्मेलनमा विश्वव्यापी तथा क्षेत्रीय राजनीतिक एवम् अन्य मुद्दा, एजेण्डामा छलफल भइरहेको छ।

त्यस सम्मेलनमा पाकिस्तानका प्रधानमन्त्री खानले लामो हिंसात्मक द्वन्द्वपछि हाल तालिबान सरकार रहेको अफगानिस्तानमा अहिले नै मानवीय सहायताको खाँचो परेको र यसका लागि सहयोग गर्नु इस्लामिक देशको कर्तव्य पनि भएको बताउनुभएको थियो।

उहाँले अगानिस्तानमाथि लगाइएका विभिन्न खालका प्रतिबन्ध तथा नाकाबन्दीलाई हटाउन र यहाँका नागरिकलाई परेको आवश्यकताको खाँचो पूरा गर्न सबै इस्लामिक देश लाग्नका लागि पनि आग्रह गर्नुभएको थियो।

### कोभिड विरुद्धको तीन मात्रा खोप लगाएकामा मृत्युदर उल्लेख्य मात्रामा कम

हङकङ, ९ चैत (रासस/सिन्ह्वा)।

कोभिड-१९ का विरुद्धमा लगाइएको तीन मात्रा खोपका कारण कोभिडबाट हुने मृत्युमा उल्लेख्य मात्रामा कमी आएको देखिएको छ। हङकङमा गरिएको एक अध्ययनमा यस्तो अवस्था देखिएको समाचारमा जनाइएको छ।

हङकङमा उपलब्ध भएका दुई प्रकारका कोभिड खोपमा यस्तो अवस्था देखिएको बताइएको हो। हङकङमा लगाइएका दुई प्रकारका खोपमा यो अनुसन्धान गरिएको थियो।

यहाँ लगाइएका सिनोभ्याक र अर्को एक खोपको तीन मात्रा लिएका नागरिकमा ९८ प्रतिशत प्रभावकारिता पाइएको हो। साथै यो खोप लगाएका नागरिकमा गरिएको सो अध्ययनअनुसार खोप नलगाएका नागरिकका तुलनामा खोप लगाएकामा मृत्यु दर ९८ प्रतिशत कम देखिएको पाइएको हो।

कोभिडका विरुद्धको तीन मात्रा खोप लगाएका ६० वर्षभन्दा माथिका नागरिकमा सो अनुसन्धान गरिएको थियो।

### अफगानिस्तानमा छात्रालाई विद्यालय जान दिने निर्णय रद्द

काबुल, ९ चैत (रासस/एएफपी)।

अफगानिस्तानमा छात्रालाई विद्यालय जान दिने निर्णय रद्द भएको छ। सर्वत्र दवावपछि अफगानिस्तानको तालिवान सरकारले बुधबारदेखि छात्रालाई विद्यालय जान दिने निर्णय गरेको थियो। तर विद्यालय जान दिने निर्णय कार्यान्वयन हुने केही घण्टा अगाडि निर्णय नै रद्द भएको छ।

छात्रालाई विद्यालय जान दिने निर्णय कार्यान्वयन नहुने भएको सरकारी अधिकारीले पनि पुष्टि गरेका छन्। तर किन निर्णय रद्द गरियो भन्ने बारेमा भने उनीहरुले केही बताएका छैनन।

छात्रालाई विद्यालय जान दिने निर्णयबाट खुशी भएका अहिले निर्णय कार्यान्वयन नहुने भएपछि दुखि भएका छन्।

छात्रालाई विद्यालय जान दिने निर्णय तत्काल कार्यान्वयन नहुने हो ? भन्ने पत्रकारको प्रश्नमा तालिवान प्रवक्ता इनामुल्लाह सामाङ्गानीले भन्नुभयो, "हो, त्यो सत्य हो।"

सरकारले निर्णय कार्यान्वयन नगर्ने भएपछि विद्यालय जाने तयारीमा रहेका छात्रा घरमै बस्न बाध्य भएका छन्।

"निर्णय कार्यान्वन हुन नसक्नुको कारणका बारेमा अहिले नै विस्तृत व्याख्या गर्न हामीलाई अनुमती छैन," शिक्षा मन्त्रालयका प्रवक्ता अजिज अहमद रायनले भन्नुभयो।

अफगानिस्तानमा तालिवान सरकार गठन भएपछि महिला अधिकार खोसिएको भन्दै अधिकारवादीले निरन्तर आवाज उठाउदै आएका थिए। उनीहरुको दवावका कारण तालिवान उच्च अधिकारीले महिलाको अधिकार पुनर्वाहाली हुने दावी पनि गर्दै आएका थिए।

विश्वभरीबाट आएको दवावका कारण तालिवान सरकारले छात्रालाई अध्ययन अध्यापन, रोजगारीलगायतका कार्य गर्न दिने निर्णय पनि गरेको थियो। तर अहिले आएर एकाएक त्यस निर्णयबाट तालिवान सरकार पछाडि हटेको छ।

तालिवान सरकारले छात्रालाई विद्यालय जान दिने निर्णयबाट पछाडि हटेकोप्रति संयुक्त राष्ट्रसंघले पनि आपत्ति जनाएको छ।

राष्ट्रसङ्घीय अधिकारीले तालिवान सरकारको पछिल्लो निर्णयबाट अत्यन्त दुखि बनाएको टिप्पणी गरेका छन्।

# माओवादी केन्द्र सप्तरीले शहिद यादव र भट्टराईको २० औं स्मृति मनायो



**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

नेकपा (माओवादी केन्द्र) सप्तरीले शहिद अजवलाल यादव र बेद प्रसाद भट्टराईको २० औं स्मृति दिवस मनाएको छ ।

पार्टीको रुपनी गाउँ कमिटीको आयोजनामा रुपनीमा रहेको यादवको शालिकमा माल्यार्पण गर्दै नेताहरुले श्रद्धञ्जली दिए ।

नेकपा माओवादी केन्द्रको रुपनी गाउँ कमिटीका अध्यक्ष तथा जिसस सदस्य सिहेंश्वर साहको सञ्चालनमा तथा माओवादी केन्द्रका केन्द्रिय सदस्य तथा जिल्ला ईन्चार्य अशोक कुमार मण्डल मधेश प्रदेश सदस्यत्रय महेश प्रसाद यादव, छेदी रजक, अरुण कुमार साह, जिल्ला सदस्यहरु भगवती यादव, रामगमन साह, गणपति साह, पत्रकार देवराम यादव, नेपाल राष्ट्रिय कर्मचारी महासंघ तथा नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामति जिल्ला समन्वय समिति सप्तरीको संयोजक छोटेलाल यादव, सह संयोजक मनोज यादव, संजय सिंह, तेज नारायण यादवलगायतकाले यादवको शालिकमा फुल, माला, अबिर लगाएर श्रद्धाञ्जली दिएका थिए ।

शहीद अजवलाल यादव धनुषा जिल्लाको सरसामा २०२३ सालमा जन्म भएको थियो भने तत्कालिन नेपाली सेनाले नियन्त्रणमा लिइ २०५८ साल चैत ९ गते सप्तरीको पौवा गाउँमा गोली हानेर मारेको थियो ।

# अध्यादेश जारी भएसँगै रेल सेवा सञ्चालनको तयारी

जनकपुर, ९ चैत (रासस) ।

रेल सम्बन्धी अध्यादेश पुनः जारी भएसँगै जयनगर-जनकपुरसम्म रेल सञ्चालनको बाटो खुलेको छ । सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले रेल्वे अध्यादेश, २०७८ जारी गरेपछि रेल सेवा सञ्चालनको तयारी गरिएको हो ।

यसअघि गत मङ्सिरमा नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम जारी भएको रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश सङ्घीय संसद्बाट पारित हुन नसक्दा स्वतः निष्क्रिय भएको थियो । संसद् अधिवेशन अन्त्य भएसँगै सरकारको सिफारिसमा राष्ट्रपति भण्डारीले मङ्गलबार पुनः रेल्वे अध्यादेश जारी गरेपछि रेल सञ्चालन गर्ने बाटो खुलेको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले बताउनुभयो ।

रेल्वे अध्यादेश जारी भइसकेकाले अबको केही दिनभित्रै रेल सेवा उद्घाटनको मिति तय हुने उहाँले बताउनुभयो । प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा भर्चुअल माध्यमबाट उद्घाटन गर्ने तयारी भइरहेको महाप्रबन्धक झाले बताउनुभयो । "अध्यादेश निस्क्रिय भएपछि रेल सेवा सञ्चालन गर्न कठिनाइ भएको थियो", महाप्रबन्धक झाले भन्नुभयो, "अध्यादेश पुनः जारी भएपछि बाटो खुलेको छ ।"

गत फागुन १ गतेदेखि जयनगर-जनकपुरसम्म यात्रुविहीन रेल दैनिक एकपटक सञ्चालन भइरहेकामा अहिले एक महिनामा १५ दिनमात्र चल्न थालेको छ । "प्राविधिकरूपमा सबै तयारी भइसकेको छ, कर्मचारी नियुक्त भएर काममा खटिएका छन्", उहाँले भन्नुभयो, "भाडादर पनि निर्धारण भइसकेको छ ।" जनकपुर-कुर्था-जयनगरसम्म सामान्यतर्फ प्रतियात्रु रु ७० र वातानुकुलित सिटमा रु ३०० भाडा निर्धारण गरिएको छ ।

# आचारसंहिता पूर्ण पालना गर्नुपर्छ : प्रमुख आयुक्त थपलिया

मोरङ, ९ चैत (रासस) ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन राजनीतिक दलले आचारसंहिताको पूर्ण पालना गर्नुपर्ने बताउनुभएको छ ।

निर्वाचन आयोग र नेपाल कानुन समाजद्वारा बुधबार यहाँ आयोजित स्थानीय तह निर्वाचन-२०७९ निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाको भूमिका विषयक अन्तरक्रियामा उहाँले यसपटकको निर्वाचनलाई खर्चिलो र भड्किलो हुन नदिन आचारसंहिता पालनाको विषय कडाइका साथ कार्यान्वयन गरिने धारणा राख्नुभयो ।

प्रमुख आयुक्त थपलियाले निर्वाचनमा हुने आचारसंहिता उल्लङ्घन गर्ने प्रवृत्तिलाई निस्तेज पार्न राजनीतिक दल एवं नागरिक समाजको सहयोग आवश्यक रहेको छ भन्नुभयो । उहाँले आयोगले प्रत्येक स्थानीय तहमा आचारसंहिता कार्यान्वयनका लागि समिति गठन गरेर अनुगमन गरिने व्यवस्था मिलाउन लागेको जानकारी दिनुभयो ।

उहाँले लोकतन्त्रको रक्षा गर्दै शासकीय पद्धतिको सुधारका लागि राजनीतिक दलले आचारसंहिता पालनामा नैतिकता र इमान्दारिता देखाउन आवश्यक रहेको विचार व्यक्त गर्नुभयो । उहाँले आचारसंहिता उल्लङ्घन गर्ने दल, उम्मेदवार, सर्मथकमाथि स्थानीय समुदायले खबरदारी गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

प्रमुख आयुक्त थपलियाले विगतको निर्वाचनमा आचारसंहिता पालना नभएको विषयमा व्यापक जनगुनासो आएको चर्चा गर्दै आयोगले यसपटकको निर्वाचनमा आचारसंहिता कार्यान्वयनमा नयाँ रणनीति कार्यान्वयन गर्न लागेको छ भन्नुभयो ।

# मधेस प्रदेशसभाको बैठक चौथोपटक स्थगन

धनुषा, ९ चैत (रासस) ।

मधेस प्रदेशको प्रदेशसभाको आजका लागि बोलाइएको बैठक पुनः स्थगन गरिएको छ । प्रदेशसभा सचिवालयका सचिव रञ्जित यादवले सूचना जारी गर्दै विशेष कारणवश बैठक स्थगन भएको जानकारी गराउनुभएको छ । प्रदेशसभाको बैठक चौथोपटक स्थगन भएको हो ।

अर्को बैठक शुक्रबार दिउँसो २ बजे बस्ने तय गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ । यसअघि गत फागुन २२ गतेका लागि बोलाइएको बैठक चैत ९ गते दिउँसो १ बजेसम्मका लागि स्थगन गरिएको थियो ।

फागुन १ गते, १० गते र २२ गतेका लागि बोलाइएको बैठक स्थगन गरिएको थियो । फागुन १ गते नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' जनकपुरधाम आएका कारण, फागुन १० गते बैठकको समयमा सभामुख सरोजकुमार यादव सभामुखहरूको सम्मेलनमा पोखरा गएका कारण, फागुन २२ गते नेपाली कांग्रेसको अधिवेशन र गण्डकी प्रदेशका मुख्यमन्त्रीको मधेस प्रदेशको भ्रमणका कारण स्थगन गरिएको थियो ।

## कहाँ हराए क्षयरोगका ...

आउने, खाना नरुच्ने, खकारमा रगत देखिने, शरीरको तौल घट्दै जानेजस्ता लक्षणहरू देखा परेमा रोग लागेको हुन सक्छ", उहाँले भन्नुभयो, "यस्तो लक्षण देखिए नजिकको स्वास्थ्यसंस्थामा जचाउन जानुपर्छ ।"

**क्षयरोग र कोरोना दुबै स्वासप्रस्वासबाट सर्ने रोग हो**

क्षयरोग र कोरोना सङ्क्रमण दुबैले फोक्सोमा असर गर्दछ । दुबै रोगका मिल्दा लक्षणमा ज्वरो आउने, खोकी लाग्ने, थकाई लाग्ने, सास फेर्न गाह्रो हुने हुन्छ । त्यसैले यस्ता लक्षण देखिए कोरोनाका साथ क्षयरोगको परीक्षण गराउनुपर्छ ।

क्षयरोग केन्द्रको अनुसन्धानमा ४० प्रतिशत डिआरटिभीका बिरामीहरूमा कोभिड-१९को सङ्क्रमण देखिएको छ । क्षयरोगका बिरामीलाई कोभिड भएमा चाँडै निमोनिया बढ्ने र स्वासप्रस्वाससम्बन्धी जटिलता आउने भएकाले समयमै सजगता अपनाउनुपर्छ । विश्व स्वास्थ्य सङ्गठनको २०२० को प्रतिवेदनअनुसार विश्वभरि ९९ लाख मानिसहरू क्षयरोगबाट पीडित भएको र तीमध्ये वार्षिक १५ लाखको मृत्यु हुने गरेको छ ।

## एमाले नेतृ झा र...

नवल किशोर साह, अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह, प्रदेश सभासदस्य मनिष सुमन, जसपाका प्रदेश सचिव युसुफ अलि, रुपनी गाउँपालिकाका प्रमुख एवं पार्टीका जिल्ला सचिव हरेराम यादव, प्रेस मंचका महासचिव अवधेश झा, युवा नेता शैलेन्द्र मोहन झा लगायतले पनि नव प्रवेशीहरुलाई स्वागत गर्दै शुभकाना दिएका थिए ।


**ग्यौंसको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु**

- ग्यास तथा आगो बलुञ्जेल भान्सा छाडेर टाढा नजाऔं।
- प्रयोग गरिसकेपछि ग्यौंसको चुल्हो र रेगुलेटर बन्द गरौं।
- यथासम्भव ग्यौंस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं।
- ग्यौंस सिलिन्डर र सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए तुरुन्त मर्मत गरौं।
- ग्यौंस सिलिण्डर लिंदा सिल भए/नभएको हेरेर मात्र लिऔं।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं।
- सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*